सुनिलस्मृति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## अनुदान माग सम्वन्धी सूचना ।

**प्रथम प्रकाशित मितिः** २०८१।१०।१० (ने.सं.११४५ पोहेलागा, नवमी)

सुनिलस्मृति गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम **अति विपन्न दलित, जनजाति, एकल महिलाहरूका लागि व्यवसायिक योजना निर्माण तथा सामग्री अनुदान सहयोग कार्यक्रम (उपाध्यक्षसँग महिला कार्यक्रम)** अन्तर्गत गाउँपालिका भित्रका व्यवसाय गरिरहेका तथा व्यवसाय गर्न इच्छुक महिलाहरूलाई सामग्री अनुदान सहयोग कार्यक्रम रहेकोले तपसिलका शर्त भित्र रही आवश्यक कागजात सहित आफूले गरेको वा गर्न चाहेको व्यवसाय र आवश्यक सामग्री खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गाउँ कार्यपालिकाका कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।म्याद नाघी आएको र रीत नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

२०८१।१०।१०

नगेन्द्र प्रसाद रिजाल
(प्रमुख प्रशासकीय अधिकृत)

**शर्तहरु :**

१. अति विपन्न दलित, जनजाति, एकल महिला (द्वन्द्वपीडित, शहीद परिवार र अपाङ्गता भएकाहरूलाई प्राथमिकता)।
२. २० बर्ष देखि ४५ बर्ष उमेर समूह भित्रको महिला।
३. व्यवसाय गरिरहेको वा गर्न इच्छुक भएको महिला ।

**आवश्यक कागजातहरु:**

१. निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (थान-१)।
३. पासपोर्ट साइजको फोटो (थान -१)
४. लक्षित समूह खुल्ने वडा कार्यालयको सिफारिस ।
५. व्यवसाय नगरेमा अनुदान फिर्ता गर्ने स्वघोषणा पत्र ।